**विधेयक संख्याः**

# कावासोती नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

कावासोती नगरपालिका

२०८१

कावासोती नगरपालिका

## <u>उद्देश्य र कारण</u>

कावासोती नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न केही कर, महशुल, दस्तुर, शुल्क लगाउन र लगाई राखेको कर शुल्कलाई चालु राख्न, हेरफेर गर्न तथा राजश्व प्रशासनलाई थप व्यवस्थित गर्न आवश्यक भएकाले यो विधेयक पेश गर्नुपरेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले संविधान तथा कानुन बमोजिम नगरपालिकाको अधिकार क्षेत्र भित्रको राजश्व, कर, दस्तुरको दर बढाउन, घटाउन, छुट दिन तथा दर निर्धारण गर्नुका साथै समयानुकुल परिमार्जन गर्ने व्यवस्था समेत गर्दछ ।

*द्रस्टव्यः यो विधेयक अर्थ विधेयक हो ।*

कावासोती नगरपालिका

**कावासोती नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावना**: कावासोती नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कावासोती नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखि कावासोती नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पति कर**:

(१) नगरपालिका क्षेत्रभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम घर र घरले चर्चेको जग्गामा अनुसूची १ बमोजिम सम्पत्ती कर लगाइने र असुल उपर गरिने छ ।

**स्पष्टीकरण**: "घरले चर्चेको जग्गा" भन्नाले घरको जमिन तलाले ओगटेको जग्गाको बढीमा दोब्बर क्षेत्रफल बराबरको जग्गा भन्ने बुझ्नु पर्दछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि घर र घरले चर्चेको जग्गाको मुल्याङ्कन देहायको आधारमा गरिने छ ।

(क) घर र घरजग्गाको आकार, प्रकार, बनावट र उपयोगको अवस्था ।

(ख) घर र घरजग्गाको मूल्य र घरको ह्रास मूल्य नगरपालिकाले निर्धारण गरे बमोजिम ।

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैन ।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा ।

(ख) सरकारी अस्पतालको घरजग्गा ।

(ग) सार्वजनिक गुठीको स्वामित्वमा रहेको घर र घरजग्गा ।

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी तथा सामुदायिक शिक्षण संस्था, कम्पनी, समिति, संघ, संस्था, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा ।

(ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा ।

(च) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार ।

(छ) गैर नाफा मूलक विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु ।

(ज) राजदुतावास, बाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा ।



कावासोती नगरपालिका

**३. मालपोत तथा भूमिकर :**

(१) कावासोती नगरपालिका भित्रका जग्गाहरुमा  मालपोत कार्यालय, कावासोतीले तोके बमोजिमको मालपोत लगाइने साथै अनुसूची १ (ख) बमोजिम असुल उपर गरिनेछ ।

(२) तर, दफा २ बमोजिम सम्पत्ति कर लगाइने जग्गामा दोहोरो पर्ने गरी भूमीकर लगाउन पाईने छैन । बक्यौता करका हकमा जुन जुन आर्थिक बर्षको बक्यौता बाँकी हो सो बर्षमा मालपोत लागु भएको भए सोही बर्षको दरमा मालपोत र एकिकृत सम्पत्ति कर लागु भएको भए सोही बर्षको आर्थिक ऐनमा उल्लेख भए बमोजिम एकीकृत सम्पत्ति कर असुल उपर गरिने छ ।

**४. घर वहाल कर :** घर वहाल कर अनुसूची २  बमोजिम लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय कर :**

(१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ३ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) प्रचलित कानून बमोजिम अन्य निकायमा दर्ता भई विगत बर्षहरुमा सञ्चालनमा आएका तर नगरपालिकामा व्यवसाय दर्ता नभएका फर्म/व्यवसायहरु चालु आ.व. को पौष मसान्त भित्र दर्ता हुन आएमा विगत बर्षहरुमा लाग्ने करमा पचास प्रतिशत छुट हुनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची ४ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर :** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा गण्डकी प्रदेशको आर्थिक ऐनमा निर्धारण गरेमा सोही बमोजिम वा नगरपालिकाको कार्यविधि अनुसार सवारी साधन कर अनुसूची ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**८. विज्ञापन कर :**

(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ६ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर बार्षिक रुपमा तिर्नुपर्ने भएमा प्रत्येक आर्थिक बर्ष भित्र बुझाइसक्नु पर्नेछ र पटके रुपमा विज्ञापन सामग्री वा स्टल राख्ने भए नगरपालिकाबाट पूर्व स्वीकृति लिई सो स्टल राख्ने अवधिभित्र कर बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कर नबुझाउने करदातालाई सो अवधि नाघेको  तीन महिनासम्मका लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधि भित्र पनि कर नबुझाएमा कर रकमको पन्ध्र प्रतिशत ब्याज थप गरी कर असुल गरिनेछ ।

**९. मनोरन्जन कर :**

कावासोती नगरपालिका

(१) नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची ७ बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश अर्थ सम्वन्धि विधेयक स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क**: नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची ८ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ । सार्वजनिक जग्गाको उपभोग गरे बापत तथा सार्वजनिक जग्गामा घरटहरा निर्माण गरेबापत करदाताले स्वतस्फूर्त कर तिर्न चाहेमा अनुसुची ८ मा नै उल्लेख भएअनुसार कर असुल गर्न सकिनेछ । नगरपालिकालाई त्यस्तो कर बुझाएको आधारमा मात्र कुनै करदाताको कुनैपनि किसिमको स्वामित्व वा हक स्थापित भएको मानिने छैन ।

११. **पार्किङ शुल्क** : नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुची ९ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ । निजी पार्किङ व्यवसायहरुले यस ऐन बमोजिम नगरपालिकाको इजाजत पत्र लिनु पर्नेछ ।

१२. **ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसुची १० बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर** : नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका पर्यटकीय स्थलहरुमा प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश अर्थ सम्वन्धि विधेयक स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **फोहोरमैला शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोर व्यवस्थापन कार्य सञ्चालन गरे/गराए बापत अनुसुची १३ मा उल्लिखित दरमा फोहरमैला शुल्क लगाउनेछ र असुल उपर गर्नेछ ।

१६. **सामुदायिक बन उपभोक्ता समुहको स्वीकृत कार्य योजना बमोजिम विक्रि हुने शुल्क** : सामुदायिक बन उपभोक्ता समुहको स्वीकृत कार्य योजना बमोजिम वन पैदावारको विक्रि रकमको १०% रकम असुल गरिनेछ ।

१७. **दहत्तर बहत्तर विक्रि शुल्क (सार्वजनिक तथा ऐलानी जग्गा भएको)** : सार्वजनिक तथा ऐलानी जग्गा र नगर क्षेत्रभित्रका खोला किनाराबाट संकलन भएको दहत्तर बहत्तर उत्खनन, संकलन तथा विक्रिमा प्रदेश कानुन बमोजिम कर असुल गरिनेछ । प्रदेश कानुनमा उल्लेख नभएकोमा अनुसुची १४ बमोजिम शुल्क लगाइनेछ ।



कावासोती नगरपालिका

**१८. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगर कार्यपालिकाले तोके अनुसार हुनेछ ।

**१९. राजश्वको दर घटाउन, बढाउन वा छुट दिन सक्ने :**

(१) यस ऐन वा अन्य नगरपालिकाको अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन र अन्य कानून बमोजिम लगाइने कर, महशुल, शुल्क, दस्तुरको दरहरुमा आंशिक वा पूर्णरुपमा छुट दिन वा बढाउन सक्नेछ । यस्तो कर घटाएको वा छुट दिइएको वा बढाएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर छुट वा बढाएको विवरण प्रत्येक बर्ष कार्यपालिकाले नगर सभामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर छुटको सुविधाको दुरुपयोग गरी कुनै हानी नोक्सानी भएमा त्यसरी छुट दिइएको वा हानी नोक्सानी भएको रकम असुल उपर गरी सोही बराबर रकम जरिवाना गरिनेछ ।

**२०. प्रक्रिया सहजीकरण वा अड्काउ फुकुवा गर्न सक्ने :** नगर कार्यपालिकाले आर्थिक ऐनले प्रदान गरेको सुविधा उपयोग गर्न जटिलता देखिएमा आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ । उल्लेखित बाधा अड्काउ फुकुवा गरेको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

**२१. जरिवाना :**

(१) नगरपालिकाभित्र कुनै पनि व्यक्तिले नगरपालिकाको कानून उल्लङ्घन गरेको पाईएमा कानून बमोजिम जरिवाना तोकिएकोमा सोही बमोजिम र कानूनमा जरिवाना नतोकिएको हकमा नगर कार्यपालिकाले जरिवाना तोकी असुल उपर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगर कार्यपालिकाले जरिवाना तोकिएको कुरा स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ र त्यसरी सङ्कलन भएको करको विवरण कार्यपालिकाले हरेक बर्ष नगर सभामा पेश गर्नु पर्नेछ।

**२२. अन्य राजश्व :**

(१) नगरपालिका वा नगरपालिकाका मातहतका विभिन्न निकायहरुको कामको प्रकृति अनुसार फरक किसिमको सेवा तथा वस्तुमा शुल्क तथा दस्तुर लगाउँदा नगरपालिकाको कानून बमोजिम लगाइनेछ ।

(२) उपदफा (१) बमोजिमको राजश्वको दर प्रचलित कानूनमा समेत उल्लेख नभएको अवस्थामा नगर कार्यपालिकाबाट त्यस्तो शुल्क तथा दस्तुर निर्धारण गरी लागु गरिनेछ । यसरी निर्धारण भएको राजश्वको दर स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।



कावासोती नगरपालिका

## अनुसूची-१
### (क)
### सम्पति करको दर

| सम्पतिको मुल्याङ्कन (रु.) | | आ.व. ०८१/०८२ को करको दर |
|---|---|---|
| देखि | सम्म | |
| १ | १० लाख | एकमुष्ठ रु.१०० |
| १० लाख १ | २० लाख | ०.०१०% |
| २० लाख १ | ५० लाख | ०.०१५% |
| ५० लाख १ | १ करोड | ०.०२०% |
| १ करोड १ | २ करोड | ०.०२५% |
| २ करोड १ | ५ करोड | ०.०३०% |
| ५ करोड १ | १० करोड | ०.०३५% |
| १० करोड १ | २० करोड | ०.०४०% |
| २० करोड १ | ४० करोड | ०.०४५% |
| ४० करोड १ | १ अरब भन्दा माथि | ०.०५०% |

- आ.व. ०८१/०८२ को पौष मसान्त भित्र कर बुझाउने करदातालाई लाग्ने करमा १० % र चैत मसान्त भित्र कर बुझाउने करदातालाई लाग्ने करमा ५% छुट दिने ।

**सम्पत्ति कर प्रयोजनको लागि भौतिक संरचनाको मूल्याङ्कन दररेट:**

| क्र.स. | संरचनाको प्रकार | प्रति वर्ग फिट रु.मा |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्ट्रक्चर/पिलरमा ढलान | १,५००।०० |
| २ | सिमेन्ट/माटोको जोडाईमा ईटा/ब्लक वा ढुङ्गाको गारो सहित ढलान भएको घर | १,२००।०० |
| ३ | सिमेन्टको/माटोको जोडाईमा पिलर सहित ईटा/ब्लक वा ढुङ्गाको गारो जस्ता/टायल/स्लेट छाना भएको पक्की घर | ३००।०० |
| ४ | माटोको जोडाईमा पिलर बाहेक ईटा वा ढुङ्गाको गारो जस्ता/टायल छाना भएको घर | २००।०० |
| ५ | आर.सि.सि फ्रेम स्ट्रक्चर सहित पक्की खोर तथा गोठ | २००।०० |
| ६ | सिमेन्ट जोडाई सहित फलामबाट बनेको खोर तथा गोठ | १५०।०० |
| ७ | कच्ची खोर तथा गोठ | २५।०० |
| ८ | काठ/बाँसबाट बनेको जस्ता/खर को छाना भएको फुस्को घरको एकमुष्ट रकम | २५,०००।०० |

## संरचनाको मूल्याङ्कन,आयु र ह्रासकट्टी दरः

| भौतिक संरचनाको वर्गिकरण/आयु | व्यापारिक क्षेत्र प्रति व.फि.रु. | आवासीय क्षेत्र प्रति व.फि.रु. | कृषि क्षेत्र प्रति व.फि.रु. | भौतिक संरचनाको आयु र ह्रासकट्टी दर प्रतिशतमा | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०-५ | ५-१० | १०-१५ | १५-२० | २०-२५ | २५-३० | ३०-३५ | ३५-४० | ४०-४५ | ४५-५० | ५०-५५ | ५५-६० | ६०-६५ | ६५-७० | ७०-७५ | ७५-८० | ८०-८५ | ८५-९० | ९०-९५ | ९५-१०० |
| पक्की RCC फ्रेम स्ट्रक्चर/७५ | १५०० | १५०० | १५०० | १० | १९ | २७ | ३४ | ४१ | ४७ | ५२ | ५७ | ६१ | ६५ | ६९ | ७२ | ७५ | ७७ | | | | | | |
| सिमेन्ट/माटोको जोडाइमा ईटा/ब्लक वा ढुङ्गाको गारो सहित ढलान/५० | १२०० | १२०० | १२०० | ११ | २१ | ३० | ३७ | ४४ | ५० | ५६ | ६१ | ६५ | ६९ | ७२ | ७५ | ७८ | ८० | | | | | | |
| पिलर सहित जस्ता/टायल/स्लेट को छानो/५० | १००० | १००० | १००० | १२ | २३ | ३२ | ४० | ४७ | ५४ | ५९ | ६४ | ६८ | ७२ | ७५ | ७८ | ८१ | ८३ | | | | | | |
| पिलर बाहेक जस्ता/टायल/स्लेटको छानो/ ४० | ७०० | ७०० | ७०० | १३ | २४ | ३४ | ४३ | ५० | ५७ | ६२ | ६७ | ७१ | ७५ | ७८ | ८१ | ८४ | ८६ | | | | | | |
| पिलर नभएको जस्ताको छानो/४० | ७०० | ७०० | ७०० | १४ | २६ | ३६ | ४५ | ५३ | ६० | ६५ | ७० | ७४ | ७८ | ८१ | ८४ | ८६ | ८८ | | | | | | |
| ढुङ्गा माटो जस्ता स्लेट/३० | ७०० | ७०० | ७०० | १५ | २८ | ३९ | ४८ | ५६ | ६२ | ६८ | ७३ | ७७ | ८० | ८३ | ८६ | ८८ | ९० | | | | | | |
| कच्ची खरको छानो/२० | ५०० | ५०० | ५०० | १९ | ३४ | ४७ | ५७ | ६५ | ७२ | ७७ | ८१ | ८५ | ८८ | ९० | ९२ | ९४ | ९५ | | | | | | |

कावासोती नगरपालिका

## अनुसूची - १ (ख)
## मालपोत तथा भूमिकरको दर

| मालपोत तथा भूमिकरको दरको मुल्याङ्कन (रु.) | | आ.व. ०८१/०८२ को करको दर |
|---|---|---|
| देखि | सम्म | |
| १ | १० लाख | एकमुष्ठ रु.१०० |
| १० लाख १ | २० लाख | ०.०१०% |
| २० लाख १ | ५० लाख | ०.०१४% |
| ५० लाख १ | १ करोड | ०.०१८% |
| १ करोड १ | २ करोड | ०.०२२% |
| २ करोड १ | ५ करोड | ०.०२६% |
| ५ करोड १ | १० करोड | ०.०२८% |
| १० करोड १ | २० करोड | ०.०३०% |
| २० करोड १ | ४० करोड | ०.०३५% |
| ४० करोड १ | भन्दा माथि | ०.०४०% |

## अनुसुचि - २
## घर बहाल कर

| क्र.स. | विवरण | आ.व. ०८१/०८२ को करको दर |
|---|---|---|
| १ | घर, पसल, ग्यारैज, गोदाम, सेड, छप्पर, कारखाना, पुरै वा आशिंक रुपमा बहाल वा भाडामा व्यापारिक, व्यवसायिक र कार्यालय प्रयोजनमा दिइएकोमा सम्बन्धित घर धनीबाट बहाल रकमको | ७ प्रतिशत |
| २ | सवारी साधन भाडामा दिइएकोमा सम्बन्धित सबारीधनिबाट बहाल रकमको | ७ प्रतिशत |
| ३ | व्यापार तथा व्यावसायीक / औद्योगिक प्रयोजनका लागि लिएको जग्गा सम्बन्धित जग्गा धनीबाट बहाल रकमको | ५ प्रतिशत |
| ४ | आवास प्रयोजनका लागि सम्बन्धित घर धनीबाट बहाल रकमको | ३ प्रतिशत |
| ५ | नगरपालिका क्षेत्र भित्र रहेका जग्गा वा पोखरी पुरै वा आशिंक रुपमा भाडामा दिइएकोमा कृषि प्रयोजनका लागि सम्बन्धित जग्गा धनीबाट बहाल रकमको | २ प्रतिशत |
| पुनश्चः उल्लिखित बहाल करको दर भन्दा बढि प्रतिशतका दरले आफ्नो दायित्वको सम्पत्तिको स्वयं घोषणा गरि बहाल कर तिर्न चाहेमा अशुल गर्न बाधा पर्ने छैन। तर कुनै करदाताले आर्थिक ऐनमा तोकिएको भन्दा बढि अस्वभाविक मूल्य स्वयं घोषणा गरि आफ्नो सम्पत्तिबाट आम्दानी देखाउन चाहेमा वा चलन चल्तिको बढी घोषणा गरि बहालकर तिर्न चाहेमा कर असुल गर्न बाध्य हुने छैन। | | |

कावासोती नगरपालिका

## अनुसूची - ३
## व्यवसाय दर्ता

| सि.नं. | विवरण | आ.व. ०८१/०८२ को करको दर | नविकरण |
|---|---|---|---|
| १ | **व्यापारीक बस्तू** | | |
| १.१ | मदिराजन्य उद्योग | ५०००० | १०००० |
| १.२ | स्थानीय मदिरा उद्योग | १०००० | ३००० |
| १.३ | मदिरा डिलर / वितरक (एक भन्दा वढी व्रान्डका डिलर भएमा थप प्रति व्रान्ड रु.१५०००) | १५००० | ५००० |
| १.४ | मदिरा थोक पसल | ७००० | ३००० |
| १.५ | मदिरा खूद्रा बिक्री पसल | ४००० | १५०० |
| २ | **सूर्ती जन्य (ध्रुम्रपान) पसल** | | |
| २.१ | चूरोट, विडी, सुर्तीजन्य पदार्थको डिलर पसल | ७००० | ३००० |
| २.२ | चूरोट, विडी, सुर्तीजन्य पदार्थको थोक पसल | ४५०० | २००० |
| २.३ | चूरोट, विडी, सुर्तीजन्य पदार्थको खुद्रा पसल | २५०० | १००० |
| ३ | **हल्का पेय पदार्थ पसल (कोल्ड डिङ्क)** | | |
| ३.१ | हल्का पेय पदार्थको डिलर (कोल्ड डिङ्क) | १०००० | ४००० |
| ३.२ | हल्का पेय पदार्थको खूद्रा पसल | ३५०० | १००० |
| ४ | **मदिरा तथा कोल्ड डिङ्कको डिलर** | **२००००** | **५०००** |
| ५ | **सुन चांदी पसल** | | |
| ५.१ | सून चांदी पसल श्रेणी क / पूजी १ करोड भन्दा बढी | १०००० | ५००० |
| ५.२ | सून चांदी पसल श्रेणी ख / पूजी ५० लाख देखी बढी १ करोड सम्म | ७००० | ४००० |
| ५.३ | सून चांदी पसल श्रेणी ग / पूजी २५ लाखदेखि बढी ५० लाख सम्म | ५००० | ३००० |
| ५.४ | सून चांदी पसल श्रेणी घ / पूजी २५ लाख सम्म | ४००० | २००० |
| ६ | **औषधी व्यवसाय** | | |
| ६.१ | औषधी डिलर | १०००० | २००० |
| ६.२ | औषधी तथा मेडिकल सामग्री समेत बिक्रेता(सर्जिकल समेत) | १०००० | २००० |
| ६.३ | औषधी थोक बिक्रेता | ७००० | १४०० |
| ६.४ | औषधी खूद्रा पसल (डाक्टर भएको) | ४००० | ८०० |
| ६.५ | औषधी खूद्रा पसल (डाक्टर नभएको) | ३००० | ६०० |
| ७ | **आयूर्वेदिक औषधी पसल** | | |



कावासोती नगरपालिका

| | | | |
|---|---|---|---|
| ७.१ | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी थोक पसल | ३००० | ६०० |
| ७.२ | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी खूद्रा | १५०० | ३०० |
| ८ | **स्टेशनरी तथा पूस्तक पसल** | | |
| ८.१ | स्टेशनरी तथा पूस्तक डिस्ट्रिव्युटर्स | ८००० | १६०० |
| ८.२ | स्टेशनरी तथा पूस्तक थोक | ६००० | १२०० |
| ८.३ | स्टेशनरी तथा पूस्तक खूद्रा | ४००० | ८०० |
| ८.४ | मुद्रण सामाग्री खरिद बिक्री तथा कापी उद्योग | १०००० | २००० |
| ९ | **डिपार्टमेन्टल पसल एबम् मार्ट** | | |
| ९.१ | डिपार्टमेन्टल पसल र सपिङ्ग सेन्टर श्रेणी क (१ करोड भन्दा बढी) | १२००० | २४०० |
| ९.२ | डिपार्टमेन्टल पसल र सपिङ्ग सेन्टर श्रेणी ख (१ करोड सम्म) | ७००० | १४०० |
| १० | **कस्मेटिक पसल** | | |
| १०.१ | कस्मेटिक थोक पसल | ५००० | १००० |
| १०.२ | कस्मेटिक खुद्रा पसल (व्युटीपार्लर सहित) | ३००० | ६०० |
| १०.३ | कस्मेटिक खुद्रा पसल | १५०० | ३०० |
| ११ | **मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री** | | |
| ११.१ | मोटर पार्ट सामान विक्री श्रेणी क (सोरुम सहित) | १५००० | ३००० |
| ११.२ | मोटर पार्ट सामान विक्री श्रेणी ख | १०००० | २००० |
| ११.३ | बोडी विल्डर्स सामान विक्री श्रेणी क (५० लाख भन्दा बढी) | १२००० | २४०० |
| ११.४ | बोडी विल्डर्स सामान विक्री श्रेणी ख (५० लाख भन्दा कम) | ८००० | १६०० |
| १२ | **लूब्रिकेसन सेक्सन तर्फ** | | |
| १२.१ | लूब्रिकेसन डिस्टिव्युटर्स | ४००० | ८०० |
| १२.२ | लूब्रिकेसन थोक पसल | ३५०० | ७०० |
| १२.३ | लूब्रिकेसन खूद्रा पसल | ३००० | ६०० |
| १३ | **प्लाई तथा ग्लास हाउस** | | |
| १३.१ | **प्लाई उद्योग** | १५००० | ३००० |
| १३.२ | प्लाई तथा ग्लास हाउस थोक पसल | ७००० | १४०० |
| १३.३ | प्लाई,ग्लास तथा फर्निचर हाउस (उत्पादन समेत) | १०००० | २००० |
| १३.४ | प्लाई तथा ग्लास हाउस खुद्रा पसल | ४००० | ८०० |
| १४ | **कपडा तथा फेन्सी पसल** | | |
| १४.१ | कपडा,फेन्सी तथा व्याग थोक पसल | ६००० | १२०० |

| | | | |
|---|---|---|---|
| १४.२ | कपडा,फेन्सी तथा व्याग खूद्रा पसल श्रेणी क (पाच लाख देखि पचास लाख सम्म) | ३५०० | ७०० |
| १४.३ | कपडा,फेन्सी तथा व्याग खूद्रा पसल श्रेणी ख (पाच लाख भन्दा कम) | २५०० | ५०० |
| १५ | **धागो टांक फस्नर पसल** | | |
| १५.१ | धागो, टांक, फस्नर थोक पसल | ३००० | ६०० |
| १५.२ | धागो, टांक, फस्नर खुद्रा पसल | २००० | ४०० |
| १६ | **इलेक्ट्रोनिक विक्री पसल** | | |
| १६.१ | मोवाइल कम्पनी सेल्फ उपशाखा, डिस्ट्रिव्युटर्स | १५००० | ३००० |
| १६.२ | इलेक्ट्रोनिक, इलेक्ट्रिकल थोक पसल | १०००० | २००० |
| १६.३ | इलेक्ट्रोनिक खुदा पसल | ५००० | १००० |
| १६.४ | रेडियो,घडी,क्याल्कूलेटर मात्र बिक्री पसल | २००० | ४०० |
| १६.५ | अडियो, भिडियो, साउन्ड सिस्टम | २००० | ४०० |
| १७ | **विद्युत सामाग्री पसल** | | |
| १७.१ | विद्युत सामाग्री थोक पसल (१.२.१.२ संग जोडिएमा माथिको बराबर) | १२००० | २४०० |
| १७.२ | विद्युत सामाग्री खूद्रा पसल | ४००० | ८०० |
| १८ | **हार्ड वेयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** | | |
| १८.१ | थोक पसल | २५००० | ५००० |
| १८.२ | खूद्रा पसल श्रेणी क (छड, सिमेन्ट सहित) (२० लाखभन्दा बढि लगानी) | १२००० | २४०० |
| १८.३ | खूद्रा पसल श्रेणी ख अन्य (२० लाख भन्दा कम लगानी) | ७००० | १४०० |
| १९ | **पेट्रोलियम पदार्थ** | | |
| १९.१ | पेट्रोलियम पदार्थ मात्र बेच्ने | २५००० | ५००० |
| १९.२ | डिजेल पदार्थ मात्र बेच्ने | २५००० | ५००० |
| १९.३ | पेट्रोलियम पदार्थ र डिजेल पदार्थ दुवै बेच्ने | २५००० | ५००० |
| १९.४ | मट्टितेल मात्र बेच्ने | २५००० | ५००० |
| १९.५ | ग्यांस सिलिण्डर बितरक | ४००० | ८०० |
| १९.६ | चार्जिङ स्टोशन | ५००० | १००० |
| २० | **स्टील, आल्मूनियम, यूपिभिसि को पसल (झ्याल, ढोका, रेलिङ समेत)** | | |
| २०.१ | स्टील, आल्मूनियम, यूपिभिसिको थोक पसल | ७००० | १४०० |
| २०.२ | स्टील, आल्मूनियम, यूपिभिसिको खुद्रा पसल | ३५०० | ७०० |

कावासोती नगरपालिका

| | | | |
|---|---|---|---|
| २१ | **फर्निशर्स पसल** | | |
| २१.१ | फ्लोरिङ तथा फर्निशर्स थोक पसल | ७००० | १४०० |
| २१.२ | फ्लोरिङ तथा फर्निशर्स खुद्रा पसल | ५००० | १००० |
| २२ | **सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | | |
| २२.१ | बस, ट्रक, ट्र्याक्टर जिप, कारको डिलर | २५००० | ५००० |
| २२.२ | मोटरसाइकल डिलर | १५००० | ३००० |
| २२.३ | मोटरसाइकल अन्य सवारी साधनको डिलर (स्वदेशी उत्पादन) | ६००० | १२०० |
| २२.४ | इलेक्ट्रिक साइकल डिलर | २२०० | ४४० |
| २२.५ | इलेक्ट्रिक गाडी मर्मत सेन्टर | १०००० | २००० |
| २२.६ | इलेक्ट्रिक तथा पेटोलियम गाडी मर्मत | १२००० | २४०० |
| **२३** | **रि कन्डिसन हाउस** | | |
| २३.१ | मोटरसाइकल, स्कुटर रि कन्डिसन हाउस | ४००० | ८०० |
| २३.२ | गाडी रि कन्डिसन हाउस | ८००० | १६०० |
| २३.३ | इलेक्ट्रिक अटो रेक्सा विक्रेता | ४००० | ८०० |
| २३.४ | पेट्रोल अटो रेक्सा विक्रेता | ५००० | १००० |
| २३.५ | इलेक्ट्रिक मोटर साईकल, स्कुटर विक्रेता | ३००० | ६०० |
| २३.६ | साईकल बिक्री तथा मर्मत | ३००० | ६०० |
| २३.७ | मोटरसाईकल मर्मत | ३५०० | ७०० |
| २४ | **थोक तथा एजेन्सी** | | |
| २४.१ | टायर डिलर | ७००० | १४०० |
| २४.२ | पम्पिङ्गसेट, जेनेरेटर डिलर | ६००० | १२०० |
| २४.३ | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | ५००० | १००० |
| | **दैनिक उपभोगका बस्तू** | | |
| **२५** | **खाद्यान्न तथा किराना पसल** | | |
| २५.१ | खाद्यान डिलर / गोदाम(थप डिलर भएमा रु.१५००) | ५५०० | ११०० |
| २५.२ | गल्ला थोक पसल | ४००० | ८०० |
| २५.३ | खाद्यान,किराना थोक पसल | ३५०० | ७०० |
| २५.४ | खाद्यान,किराना खूद्रा पसल | २५०० | ५०० |
| २५.५ | भित्री सडकमा रहेका साना किराना पसल | १००० | २०० |
| २५.६ | आलू, प्याज, लसून, अदुवा थोक पसल | २२०० | ४४० |
| २६ | **फलफूल पसल** | | |
| २६.१ | फलफूल थोक पसल | ३००० | ६०० |
| २६.२ | फलफूल खुद्रा पसल सटर | ११०० | २२० |



कावासोती नगरपालिका

| | | | |
|---|---|---|---|
| २६.३ | फलफूल खुद्रा पसल ठेला | ६०० | १२० |
| २७ | **सागसब्जी पसल** | | |
| २७.१ | सागसब्जी थोक पसल | २००० | ४०० |
| २७.२ | सागसब्जी खुद्रा पसल | १००० | २०० |
| २८ | **थान कपडा पसल** | | |
| २८.१ | थान कपडा थोक पसल (५० लाख माथि पूँजी भएको) | १०००० | २००० |
| २८.२ | थान कपडा खूद्रा पसल (५० लाख भन्दा कम पूँजी भएको) | ५००० | १००० |
| | **बिशेषज्ञ परामर्श तथा अन्य ब्यवसायिक सेवा** | | |
| २९ | **चिकित्सक** | | |
| २९.१ | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट डाक्टर | १५००० | ३००० |
| २९.२ | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | ८००० | १६०० |
| २९.३ | कबिराज | १५०० | ३०० |
| ३० | **संस्थागत पेन्टर (प्लम्बिङ,वायरिङ,पेन्टिङ)** | ३५०० | ७०० |
| ३१ | **कन्सल्टयान्ट सेवा** | | |
| ३१.१ | इन्जिनियरिङ परामर्श सेवा फर्म | ३०००० | ६००० |
| ३२ | **कानून व्यवसायी** | | |
| ३२.१ | ल फर्म तथा कानून परामर्श सेवा | ८००० | १६०० |
| ३३ | **लेखा परीक्षण व्यवसाय तर्फ** | | |
| ३३.१ | लेखा परीक्षण (सि.ए.) | १५००० | ३००० |
| ३३.२ | लेखा परीक्षण (आर.ए.) | ५००० | १००० |
| ३४ | **दन्त चिकित्सा सेवा** | | |
| ३४.१ | डेन्टल सेवा | ४५०० | ९०० |
| ३४.२ | दन्त चिकित्सा सेवा | ५००० | १००० |
| ३५ | **अनूसन्धानकर्ता तथा सेवा परामर्श दाता** | | |
| ३५.१ | अनुसन्धानकर्ता | ४००० | ८०० |
| ३५.२ | कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | ६००० | १२०० |
| ३५.३ | विमा एजेन्ट (एजेन्सी म्यानेजर,लाइफ) | ३००० | ६०० |
| ३५.४ | सर्भेयर | ३००० | ६०० |
| ३५.५ | नोटरी पव्लिक अनूवादक | ३००० | ६०० |
| ३५.६ | पशु चिकित्सक | २५०० | ५०० |
| ३५.७ | शेयर दलाल | २५००० | ५००० |
| ३५.८ | ढुवानी कम्पनी तथा ट्रारन्सपोर्ट ब्यवसाय | ७००० | १४०० |
| ३६ | **निर्माण ब्यवसाय** | | |



कावासोती नगरपालिका

| | | | |
|---|---|---|---|
| ३६.१ | निर्माण व्यवसायी (क) सूचीकरण | २०००० | ४००० |
| ३६.२ | निर्माण व्यवसायी (ख) सूचीकरण | १२००० | २४०० |
| ३६.३ | निर्माण व्यवसायी (ग) सूचीकरण | ७००० | १४०० |
| ३६.४ | निर्माण व्यवसायी (घ) वर्ग दर्ता शुल्क | ३०००० | ६००० |
| ३६.५ | निर्माण व्यवसायी (घ) व्यवसाय कर/नवीकरण | ६००० | १२०० |
| ३६.६ | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता | १५०००० | ३०००० |
| ३७ | **भवन निर्माण व्यवसाय** | | |
| ३७.१ | मिक्चर तथा सेटिङ्ग सामान भएकोलाई | ३५००० | ७००० |
| ३७.२ | सटरिङ्ग सामानमात्र भएको | ३००० | ६०० |
| ३७.३ | रेडि मिक्चर RMC उद्योग | २०००० | ४००० |
| ३८ | **सेटिङ्ग ब्यवसाय** | | |
| ३८.१ | मिक्चर तथा सेटिङ्ग सामान भएको | ३५०० | ७०० |
| ३८.२ | सेटिङ्ग सामानमात्र भएको | २००० | ४०० |
| ३८.३ | वाटर ड्रिलिङ्ग | ३३०० | ६६० |
| | **उत्पादन मुलक उद्योग** | | |
| ३९ | **प्लाष्टिक उद्योग** | | |
| ३९.१ | प्लाष्टिक उद्योग श्रेणी क (कच्चा पदार्थ प्रशोधन) | ६००० | १२०० |
| ३९.२ | प्लाष्टिक उद्योग श्रेणी ख (प्याकेजिङ) | ३५०० | ७०० |
| ४० | **चप्पल उद्योग** | | |
| ४०.१ | चप्पल उद्योग श्रेणी क (१० लाख भन्दा बढि) | ६००० | १२०० |
| ४०.२ | चप्पल उद्योग श्रेणी ख (१० लाख भन्दा कम) | ४००० | ८०० |
| ४१ | **ग्रील उद्योग** | | |
| ४१.१ | स्टील,आल्मुनियम,फलाम, ग्रील उद्योग | १०००० | २००० |
| ४२ | **साबुन उद्योग** | | |
| ४२.१ | साबून उद्योग / डिटर्जेन्ट उद्योग | ८५०० | १७०० |
| ४३ | **जुत्ता उद्योग** | | |
| ४३.१ | जूत्ता उधोग | ८००० | १६०० |
| ४३.२ | जूत्ताको शो रुम तथा पसल | ६००० | १२०० |
| ४३.३ | जूत्ता मर्मत गर्ने | १००० | २०० |
| ४४ | **पशुपालन तथा पशु आहार उद्योग** | | |
| ४४.१ | पशूपंक्षि आहार उद्योग | १०००० | २००० |
| ४४.२ | पशूपंक्षि आहार विक्री केन्द्र | ५५०० | ११०० |
| ४४.३ | भेटनरी / एग्रोभेट | २२०० | ४४० |
| ४४.४ | पशू पंछी पालन उद्योग | ५५०० | ११०० |

कावासोती नगरपालिका

| | | | |
|---|---|---|---|
| ४५ | **कृषि तथा पशू फर्म** | | |
| ४५.१ | ह्याचरी सहित कूखूरापालन उद्योग | २२००० | ४४०० |
| ४५.२ | मझौला कूखूरापालन (५०० भन्दा बढी कूखूरा) | ५००० | १००० |
| ४५.३ | साना कूखूरापालन | १००० | २०० |
| ४५.४ | व्यवसायिक कृषि,पशू,माछा,बंगूर फर्म (पूजी ५० लाखभन्दा बढी) | १६५०० | ३३०० |
| ४५.५ | व्यवसायिक कृषि,पशू,माछा,बंगूर फर्म (पूजी २० देखि ५० लाख भन्दा कम) | ५५०० | ११०० |
| ४५.६ | व्यवसायिक कृषि,पशू,माछा,बंगूर फर्म (पूजी २० लाख भन्दा कम) | नि:शूल्क | |
| ४६ | **घरेलू कूटिर उद्योग** | | |
| ४६.१ | अगर बत्ती उद्योग | ५०० | १०० |
| ४६.२ | मैन बत्ती उद्योग | ५०० | १०० |
| ४६.३ | टिकी उद्योग | ५०० | १०० |
| ४६.४ | अचार उद्योग | ५०० | १०० |
| ४६.५ | अन्य कुटिर उद्योग | ५०० | १०० |
| ४७ | **कपडा तथा गार्मेन्ट उद्योग** | | |
| ४७.१ | कपडा उद्योग / गार्मेन्ट / ज्याकेट / व्याग उद्योग (पूजी १० लाखभन्दा बढी) | ६००० | १२०० |
| ४७.२ | गार्मेन्ट / ज्याकेट / व्याग उद्योग (पूजी १० लाखभन्दा कम) | २५०० | ५०० |
| ४७.३ | हातबूने / घरेलू / हस्तकला | नि:शूल्क | |
| ४७.४ | होजियारी तथा धागो उद्योग | ३३०० | ६६० |
| ४७.५ | सिरक डसना उद्योग / पसल(कपास) | ३००० | ६०० |
| ४७.६ | ढाका उद्योग | १५०० | ३०० |
| ४८ | **छाता ,सलाई उद्योग** | | |
| ४८.१ | सलाई उद्योग | २२०० | ४४० |
| ४८.२ | छाता उद्योग | २००० | ४०० |
| ४९ | **पेय पदार्थ उत्पादन उद्योग,** | | |
| ४९.१ | मिनरल वाटर उद्योग | १०००० | २००० |
| ४९.२ | पिउने पानी सप्लायर्स | ३००० | ६०० |
| ४९.३ | बरफ उद्योग | २००० | ४०० |
| ४९.४ | आइसक्रीम उद्योग | ५००० | १००० |
| ४९.५ | सोडा उद्योग | ५०० | १०० |
| **५०** | **भांडा उद्योग** | | |

| | | | |
|---|---|---|---|
| ५०.१ | कांस,तामा,पित्तल,आल्मूनियम,पलास्टीक भाडा उद्योग (१ करोड भन्दा माथि) | ३५००० | ७००० |
| ५०.२ | कांस,तामा,पित्तल,आल्मूनियम,पलास्टीक भाडा उद्योग (१ करोड भन्दा तल) | २०००० | ४००० |
| ५०.३ | टिनको वासक,बाल्टी,स्टोभ | २५०० | ५०० |
| **५१** | **कुटानी,पेलानी मिल** | | |
| ५१.१ | फ्लावर मिल | ६००० | १२०० |
| ५१.२ | सेलर मिल (प्लान्ट सहित) | ४००० | ८०० |
| ५१.३ | कुटानी,पेलानी मिल (हलर समेत) | २००० | ४०० |
| ५१.४ | चिउरा मिल/भुजा | २००० | ४०० |
| | मसला उद्योग | १०००० | २००० |
| ५१.५ | स्वरोजगार उद्योग | १००० | २०० |
| **५२** | **डेरी उद्योग** | | |
| ५२.१ | डेरी उद्योग तथा विक्रि पसल मिठाई समेत | २००० | ४०० |
| ५२.२ | डेरी विक्रि पसल | १००० | २०० |
| **५३** | **उपभोग्य बस्तू उत्पादन उद्योग** | | |
| ५३.१ | नूडल्स उद्योग (तयारी चाउचाउ) | १५००० | ३००० |
| ५३.२ | चाउमिन उद्योग | ३००० | ६०० |
| ५३.३ | कूकिज/पाउरोटी उद्योग | ३००० | ६०० |
| ५३.४ | कन्फेक्सनरी उद्योग | ३००० | ६०० |
| ५३.५ | दालमोट | ३००० | ६०० |
| **५४** | **रिकण्डिसन उद्योग** | | |
| ५४.१ | फलाम कृषि औजार उद्योग | २५०० | ५०० |
| ५४.२ | कागज,प्लाष्टिक रिकण्डिसन उद्योग | २००० | ४०० |
| **५५** | **उर्जा मुलक उद्योग** | | |
| ५५.१ | हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन | ११००० | २२०० |
| ५५.२ | वायो ग्यास उद्योग | ३००० | ६०० |
| ५५.३ | सौर्यशक्ति उत्पादन उधोग | ३००० | ६०० |
| ५५.४ | मर्मत संमार पार्ट बिक्री | २००० | ४०० |
| **५६** | **कृषि तथा बनजन्य उद्योग** | | |
| ५६.१ | स मिल | ३०००० | ६००० |
| ५६.२ | काठ विक्री डिपो | १२००० | २४०० |
| ५६.३ | काठको फर्निचर उद्योग | १०००० | २००० |
| ५६.४ | काठको फर्निचर शोरुम | ६००० | १२०० |

| | | | |
|---|---|---|---|
| ५६.५ | बेतबांसको उद्योग / व्याम्बो शोरुम | १००० | २०० |
| | **खनिज उद्योग** | | |
| **५७** | **कंक्रिट उद्योग** | | |
| ५७.१ | कंक्रिट व्लक | ८००० | १६०० |
| ५७.२ | सेनेटरी उद्योग तथा व्यवसाय | ८००० | १६०० |
| ५७.३ | क्रसर उद्योग दर्ता | ३५०००० | ७०००० |
| **५८** | **क्रसर उद्योग व्यवसाय कर** | | |
| ५८.१ | १० करोड भन्दा माथि | ३५०००० | ७०००० |
| ५८.२ | ५-१० करोड सम्म | २५०००० | ५०००० |
| ५८.३ | ५ करोड सम्म | २००००० | ४०००० |
| ५८.४ | बालूवा प्रसोधन(वास) उद्योग दर्ता | २५०००० | ५०००० |
| ५८.५ | बालूवा प्रसोधन (वास) उद्योग व्यवसाय कर | ६०००० | १२००० |
| ५८.६ | ह्यूमपाइप, विद्यूत पोल उद्योग | ३०००० | ६००० |
| | **पर्यटन उद्योग** | | |
| **५९** | **रिसोर्ट, कटेज, होटल, लज एण्ड रेष्टुरेण्ट** | | |
| ५९.१ | (क) ५१ भन्दा माथि कोठा | ४०००० | ८००० |
| ५९.२ | (ख) २६ देखि ५० सम्मको कोठा | २०००० | ४००० |
| ५९.३ | (ग) १६ देखि २५ सम्मको कोठा | १५००० | ३००० |
| ५९.४ | (घ) ९ देखि १५ कोठा सम्म | १०००० | २००० |
| ५९.५ | (ङ) ८ कोठा भन्दा सम्म | ५००० | १००० |
| ५९.६ | माथि (ग),(घ),(ङ) वर्गिकरणमा पर्ने रिसोर्ट तथा कटेजहरुको बाकि बक्यौताको हकमा यहि दररेट अनूसार असूल हूनेछ . | | |
| ५९.७ | पार्टी प्यालेस | १५००० | ३००० |
| ५९.८ | होटल, रेष्टुरेण्ट, खाजा घर, भोजनालय | ५००० | १००० |
| ५९.९ | दोहरी सांझ | १५००० | ३००० |
| ५९.१ | फास्टफुट तथा क्याफे | २५०० | ५०० |
| ५९.११ | होमस्टे सामूदायिक | २०००० | ४००० |
| ५९.१२ | होमस्टे नीजि | ५००० | १००० |
| **६०** | **मिष्ठान / क्याटरिङ्ग पसल** | | |
| ६०.१ | मिष्ठान पसल श्रेणी क(पाच लाखभन्दा बढी ) | ४५०० | ९०० |
| ६०.२ | मिष्ठान पसल श्रेणी ख | २५०० | ५०० |
| ६०.३ | क्याटरिङ्ग | ६००० | १२०० |
| ६०.४ | चिया तथा कफि पसल | १००० | २०० |

कावासोती नगरपालिका

| | | | |
|---|---|---|---|
| **६१** | **टेण्ट हाउस** | | |
| ६१.१ | विजूली डेकोरेशन / बैण्ड बाजा सहितको टेण्ट हाउस | १२००० | २४०० |
| ६१.२ | विजूली डेकोरेशन सहितको टेण्ट हाउस | ७५०० | १५०० |
